नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर

फोन नं :- ०५७-५२०४९५
फ्याक्स नं :- ०५७-५२३=२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

visit Nepal 2020 Lifetime Experiences

पत्र संख्या :-०७६/७७ मिति:- २०७६/११/२२
च.नं. :-

## जिल्ला प्रशासन कार्यालय, मकवानपुरको अत्यन्त जरूरी सूचना ।

जनवादी गणतन्त्र चीनको हुबेई प्रान्तको राजधानी सहर वुहानबाट शुरू भई हाल विभिन्न मुलुकहरूमा फैलिरहेको र विश्व स्वास्थ्य संगठन अनुसार नेपालमा समेत जोखिमको उच्च सम्भावना देखिएकोले कोरोना भाईरसको संक्रमणबाट सुरक्षित रहन तथा जोखिम कम गर्न स-साना पारीवारिक जमघट, भेटघाट बाहेकका जात्रा-पर्व, मेला-महोत्सव जस्ता कार्यक्रम सञ्चालन नगर्न नगराउनु हुन, भीडभाडयुक्त स्थानमा नजानुहुन र त्यस्ता कार्यक्रमहरूमा सहभागी नहुन समेत जिल्ला प्रशासन कार्यालय, मकवानपुर अनुरोध गर्दछ।

कोरोना भाईरस संक्रमणको जोखिमलाई मध्यनजर गर्दै सम्पूर्ण महानुभावहरूलाई स्वास्थ्य अवस्थाबारे सचेत रहन, व्यक्तिगत सरसफाईमा ध्यान दिन, खोक्दा र हाच्छ्युं गर्दा अनिवार्य नाक र मुख छोप्न, रुघाखोकी लागेमा मास्कको प्रयोग गर्न र कुनै लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्थामा तत्काल सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

**भाईरसको संक्रमणबाट जोगिन निम्न बमोजिमका तरिका अपनाउन हुन समेत अनुरोध गरिन्छ:**

- बिरामी मानिसहरूको सम्पर्कमा नआउने,
- सकेसम्म भाईरस प्रभावित क्षेत्रहरुको यात्रा नगर्ने,
- जीवित वा मृत जनावर एवम् खासगरी नपकाएको मासुको सम्पर्कबाट टाढा रहने,
- साबुनपानीले बारम्बार हात धुने,
- साबुनपानी उपलब्ध नभएको अवस्थामा अल्कोहलयुक्त स्यानिटाईजरको प्रयोग गर्ने,
- अद्यावधिक जानकारी लिइरहने एवम् सोही अनुरूपको सचेतना अपनाउने।

७६।११।२२
..........................
(चीरञ्जीवी शर्मा)
सहायक प्रमुख जिल्ला अधिकारी